नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक


वर्ष ३३ अंक १९४ २०८० साल फागुन २२ गते मंगलबार (5 Mar. 2024 Tuesday) मूल्य रु. ५/-

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : संरक्षणको पर्खाइमा जलमुनिका ३ पृष्ठमा : पहिलो चरणमा ३७ हजारभन्दा... ३ पृष्ठमा : चुनावपछि अमेरिका-चीन सम्बन्धमा..

## राजविराजका युवकको अपहरण गरि फिरौती माग्ने तीन जना पक्राउ



**दैनिक समाचारदाता**
**राजबिराज, २१ फागुन ।**

राजबिराज वडा नं. ७ निवासी एक युवकको अपहरण गरि अभिभावकसँग फिरौती माग गर्ने दुई युवक र एक युवती गरि तीन जनालाई प्रहरीले पक्राउ गरि सार्वजनिक गरेको छ ।

मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरधामका प्रवक्ता एवं सूचना अधिकारी प्रहरी उपरीक्षक श्याम कुमार महतोले फागुन ५ गते अभिभावकलाई ह्वाट्सएपबाट कल गरि छोरालाई अपहरण गरेको धम्की दिँदै पैसा माग्ने तीन जनालाई प्रहरीले पक्राउ गरेको जनाएका छन् ।

पक्राउ पर्नेमा झापाको मेचीनगर नगरपालिका ६ बस्ने २६ वर्षीय सविन मैनाली, सोही नगरपालिकाको वडा नं. १० बस्ने २७ वर्षीय शुभम मैनाली र सुनसरीको धरान उपमहानगरपालिका ३ बस्ने १९ वर्षीया आशिका बराइली रहेका छन् ।

प्रवक्ता महतोका अनुसार उनीहरूले गत फागुन ५ गते बिहान सप्तरी राजविराज नगरपालिका वडा नं. ७ बस्ने पीडितलाई ह्वाट्सएपबाट कल गरी 'तपाईंको छोरा मेरो कब्जामा छ, छोरा चाहिन्छ भने मैले भने बमोजिम रकम पठाउनुस्, यो कुरा अन्य कसैलाई जानकारी गराएमा तपाईंको छोरालाई मारी दिन्छु' भन्दै धम्की दिएका थिए ।

***बाँकी तीन पृष्ठमा***

## टाटासुमोको ठक्करबाट दुईको मृत्यु

**दैनिक समाचारदाता**
**महोत्तरी, २१ फागुन ।**

महोत्तरीको मटिहानी जनकपुर सडकखण्डमा भारतीय टाटासुमोले ठक्कर दिँदा दुई जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा महोत्तरीको पिपरा गाउँपालिका-५ बस्ने ६० वर्षीय अकबर राइन र धनुषाको क्षिरेश्वरनाथ नगरपालिका-१ बस्ने ६० वर्षीय राजकिशोर यादव छन् ।

जनकपुरतिरबाट मटिहानीतिर गइरहेको बीआर०६पिडी ३३३० नं.को भारतीय टाटासुमो आइतबार राति पिपरा १ स्थित सडकखण्डमा पिपराबाट मटिहानतिर जाँदै गरेको मधेस प्रदेश ०१ त ३००९ नम्बरको ट्र्याक्टरमा पछाडिबाट नै ठक्कर दिँदा ट्र्याक्टरमा बसेका कामदार अकबरको मृत्यु भएको थियो ।

ट्र्याक्टरलाई ठक्कर दिएर भाग्दै गरेको टाटासुमोले भाग्ने क्रममाविपरीत दिशाबाट साइकलमा चढेर आउँदै गरेका राजकिशोरलाई ठक्कर दिएपछि मृत्यु भएको प्रहरीले जनाएको छ ।

टाटासुमोको ठक्करबाट ट्र्याक्टरमा सवार अर्का कामदार पिपरा गाउँपालिका ५ का ६० वर्षीय झप्सी कवाडी गम्भीर घाइते भई उनको उपचार प्रादेशिक अस्पताल जनकपुरमा भइरहेको जनाइएको छ ।

टाटासुमो पनि भाग्ने क्रममा मटिहानी ४ स्थित सडक छेउमा पल्टिएर दुर्घटना भएको थियो । सुमोका चालक फरार रहेका छन् ।

बोलबम । बोलबम ।। बोलबम ।।।





यही मिति २०८० साल फाल्गुन २५ गते महाशिवरात्री पर्व पर्न गएको हुँदा सो अवसरमा सप्तकोशी ब्यारेजको पवित्र जल काँवरमा ल्याई प्राचीन महादेव श्री हरिनन्देश्वर महादेव मन्दिरमा जल रिसाल गरी पुण्यको भागी बनौं ।

**अनुरोधकर्ता**
श्री हरिनन्देश्वर महादेव मन्दिर
संरक्षण, सम्बर्द्धन समिति, राजविराज

## सप्तरीमा २० हजारको हाराहारीमा एकल महिला भएको तथ्याङ्क सार्वजनिक



**दैनिक समाचारदाता**
**राजविराज, २१ फागुन ।**

राजविराजस्थित एकल महिला आत्मनिर्भरता तथा पुर्नस्थापना केन्द्र सप्तरीले सोमबार हनुमाननगर कंकालिनी नगरपालिकामा शाखा बिस्तार गर्दै यस्तो अभियान सुरु गरेको हो ।

एकल महिलाको आर्थिक, सामाजिक, साँस्कृतिक र शैक्षिक पक्षलाई सबल बनाई सशक्तिकरण गर्ने उद्देश्यले सो अभियान सुरु गरिएको संस्थाकी प्रमुख जुही ठाकुरले जानकारी दिएकी छिन् ।

घरेलु हिंसा, गरिबी, दाइजो, घर निकाला, अशिक्षा लगायत बिभिन्न कारणले कष्टकर जिवन बिताइरहेका एकल महिलाहरुलाई संगठित गरि क्षमता अभिबृद्धि, शिपमुलक तालिम तथा सचेतनाका बिभिन्न कार्यक्रम मार्फत आत्मनिर्भर बनाउने उद्देश्यले यस्तो अभियान चलाइएको प्रमुख ठाकुरले बताईन् ।

केन्द्रको उद्घाटन समारोहमा उनले मुलुकभर कुल २० लाख ४१ हजार ५ सय २० एकल महिला रहेको तथ्याङ्क समेत प्रस्तुत गरिन् । एकल महिलाको जिवनस्तरमा सुधार ल्याउन राज्यले धेरै नीति निर्माण र योजना ल्याएको बताइरहँदा पनि ब्यवहारमा त्यस्तो नदेखिएको र कार्यान्वयन पक्ष अत्यन्त फितलो भएको उनले बताइन् ।

यस्तै सप्तरीमा झण्डै २० हजारको हाराहारीमा एकल महिला रहेको अनुमान गरिएको छ । यद्पी यसबारे तथ्याङ्क संकलनको काम चलिरहेको उनले जानकारी दिइन् ।

हनुमाननगर कंकालिनी नगरपालिका १० इनरवा बजारमा बिस्तार गरिएको केन्द्रको शाखा क्रमशः जिल्लाका सबै १८ वटै पालिकामा बिस्तार गर्दै

***बाँकी तीन पृष्ठमा***

**मोवाइलको लतबाट बालबालिकालाई बचाऔं**

- मोवाइलको लत लागेका बालबालिकामा निन्द्रा ढिलो लाग्ने, गहिरो निन्द्रा नलाग्ने र पटक पटक ब्युझँने समस्या देखिन सक्छ,
- मोवाइलको लतले बालबालिकाको मानसिक तथा शारिरीक विकासमा नै असर पुऱ्याउन सक्छ,
- मोवाइल देखाएर खाना खुवाउनाले बालबालिकालाई खानाको स्वाद थाहा नहुन सक्छ,
- यसले पाचन प्रणालीमा समस्या हुन सक्दछ,
- उनीहरुलाई कुराकानी गरेर, डुलाएर, गीत गाएर तथा उनीहरूको हाउभाउमा प्रतिक्रिया जनाउँदै खाना खुवाऔं,

अभिभावकले अत्याधिक मोबाइल चलाउँदा बालबालिकालाई मोवाइलको लत बस्न सक्दछ, त्यसैले अभिभावकले मोवाइलको कम प्रयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### चर्को स्वरमा बाजा बजाउन कहिले बन्देज हुने !

अहिले विवाह, ब्रतबन्ध, मुण्डन लगायत विभिन्न धार्मिक कार्यक्रम हुने मौसम हो । सोही प्रयोजनका लागि अहिले चर्को स्वरमा बाजा बजाउने प्रसस्तै सुन्ने गरिन्छ । आफूले सुन्ने गरि मात्र बाजा बजाउनेतर्फ कसैको ध्यान पुग्न सकेको छैन् । कुनै पनि सार्वजनिक स्थलमा हुने कार्यक्रम तथा धार्मिक वा विवाह, पुजा प्रयोजनमा चर्को स्वरमा बजाउने साउण्डलाई नियन्त्रण गर्नेतर्फ प्रशासन पूर्णरुपले असफल भएको छ । यस्ता कार्यले ध्वनी प्रदुषणलाई प्रोत्साहन गर्छ । जसकारण मुटु रोग, स्वास्थ्यस्थिति कमजोर भएका मानिसहरुलाई यसले निकै नै हानि पुऱ्उने गर्छ । प्रदुषण भनेको हावालाई मात्र नसम्झेर कुनै पनि ध्वनी चर्को आवाजमा बजाउनुलाई पनि सम्झनु पर्दछ ।

यसले मानव जिवनमा वेफाइदा पुऱ्याउनुदेखी मानविय जिवनलाई कुनै पनि प्रकारबाट पुऱ्याइरहेको हानीलाई पनि बुझ्नुपर्दछ । राजनीतिक भाषणमा समेत नगरको विभिन्न स्थानमा साउण्ड बक्स जडान गरि ठूला ठूला स्वरमा आवाज आउने गरेको छ । यति मात्र नभएर धार्मिक प्रवचनको नाममा पनि ध्वनी प्रदुषण हुने गरेको छ । एक दशक अघि यस्ता ध्वनीलाई सप्तरी जिल्ला अदालतले नियन्त्रण गर्न आदेश नै दिएको थियो । तर, हालसम्म पनि अदालतका आदेश कागजमै सीमित भएको छ । अदालतले ध्वनी प्रदुषण गर्नेलाई कारवाही गर्न जिल्ला प्रहरी, प्रशासन लगायत सरोकारवाला निकायलाई निर्देशानात्मक आदेश दिएको थियो । तर, त्यसको पालना हालसम्म हुन सकेको छैन् ।

तसर्थ ध्वनी प्रदुषण रोक्नका लागि सम्बन्धीत निकायले कार्यान्वयन पक्षलाई बलियो बनाउनुदेखी कारवाहीसम्मको प्रक्रियामा जानुपर्छ । यसका लागि स्थानिय सरकार तथा प्रहरी प्रशासनले आवश्यक पहल गर्नेतर्फ अग्रसर हुनु आवश्यक छ । अनिमात्र ध्वनी प्रदुषण नियन्त्रणमा आउन सक्छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# संरक्षणको पर्खाइमा जलमुनिका महादेव जलेश्वरनाथ

**सञ्जीतकुमार मण्डल**
जलेश्वर, २१ फागुन (रासस) ।

गर्मी याम होस् वा चिसोको सिरेटो चल्ने याम होस्, चाहे हावाहुरी होस वा झमझम पानी परेको अवस्था होस्, वर्षभरि नै पानीमुनि बस्ने महादेवको नाउँ हो बाबा जलेश्वरनाथ । महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर नगरपालिका-१ मा अवस्थित बाबा जलेश्वरनाथ महादेव बाह्रैमास जलमुनि बसिराख्ने हुनाले नै उहाँको नाम जलेश्वरनाथ रहेको हो भने उहाँकै नाउँमा यस नगरको नाउँ पनि जलेश्वर रहेको किम्बदन्ती छ ।

यस मन्दिरमा जलेश्वरनाथ महादेव साक्षात विराजमान रहेको साधुसन्तहरु बताउँछन् । बाबा जलेश्वरनाथ महादेवको मन्दिरमा बस्दै आएका जोगी, सन्यासी, साधु, सन्त र महात्माहरु अहिले महाशिवरात्रीको महिना आउने बित्तिकै सम्पूर्ण जलेश्वर नगर शिवमय बनेको बताउनुहुन्छ । शिवरात्रिको अवसर पारेर महादेव शिवशम्भु अहिले स्वयं यहाँको वातावरणमा विराजमान रहेको उहाँहरुको भनाइ छ ।

जलेश्वरनाथ महादेव मन्दिरको मूल गुफामा लेखिएको छ, 'जलेश्वरो महालिङ रुद्रेन स्थापित स्वयम' अर्थात जलेश्वरनाथ महालिङ्ग स्वयं महादेवले स्थापना गर्नुभएको हो । जलेश्वरनाथ महादेवको स्थापना नेपालीहरुको आराध्यदेव भगवान देवादीदेव महादेवले स्वयं गर्नुभएको शिव महापुराणमा पनि उल्लेख छ ।

यो मन्दिर कहिले बनेको बारेमा कुनै प्रमाण छैन भन्ने स्वयं महादेवले नै निर्माण गर्नुभएको कुरा शिवमहापूराणमा उल्लेख छ । अनादीकालमा जलेश्वर घना जङ्गल रहेका बेला बाबा जगदीशनाथ, चतुर्भुजनाथ र तसमैया बाबा आएर जलेश्वरमा बसेको बेला स्यवं महादेवले बाबा जगदीशनाथलाई स्वप्न दिएर जलेश्वरमा महादेवको मन्दिर निर्माण गर्न आदेश दिएको किम्बदन्ती रहेको जलेश्वरनाथ महादेवका मूल पुजारी उपेन्द्र पाठक बताउनुहुन्छ । जङ्गलमा बाघ, भालु, हात्ती जस्ता जङ्गली जनावरहरु रहेको यस ठाउँमा कोही पनि कामदार काम गर्न नआउने भनेपछि स्वयं रुद्र (महादेव) ले जलेश्वरनाथको मूल गुफासहितको मन्दिर प्रकट गरिदिनुभएको शिवमहापूराणमा उल्लेख रहेको जलेश्वर नगरपालिका-८ बस्ने पुजारी कालिकान्त झा बताउनुहुन्छ ।

जलेश्वरनाथ महादेवको मूल गुफा जमिनको सतहदेखि १६ सिँढी (भऱ्याङ) मुनि जमिनभित्र रहेको छ । यहाँ २४ घण्टा जल भरिएको हुन्छ र बाबा जलेश्वरनाथ महादेव वर्षको ३६५ दिन जलमै विराजमान रहनुहुन्छ । महाशिवरात्रिको महिनाभरि त बाबा जलेश्वरनाथ २४ सैं घण्टा जलेश्वरनाथ महादेव मन्दिरमै बिराजमान रहनु हुने जनविश्वास छ ।

मन्दिरमा भगवान् शिवको शिवलिङ्ग दर्शनका लागि भक्तजनले विशेष दिनको प्रतिक्षा गर्नुपर्छ । यस मन्दिरभित्र करिब २० फिटमुनि जलमा बास बसेका महादेवको दर्शन गर्न मन्दिरभित्रको जल बाहिर फ्याँकेपछि मात्रै सम्भव हुने गर्दछ र सो जल विशेष पूजा अर्चना गरिने दिनमा मात्रै फ्याकिने हुँदा भक्तजनलाई बाबा जलेश्वरनाथको दर्शनका लागि विशेष दिनको प्रतिक्षा गर्नुपर्ने महाशिवरात्रि पूजा महोत्सवका पूर्वअध्यक्ष रमनकुमार चौधरीले बताउनुहुन्छ ।

यस मन्दिरमा महाशिवरात्रि र साउनको प्रत्येक सोमबार र प्रत्येक महिनाको पहिलो सोमबारको दिन विशेष मेला लाग्ने गर्दछ । रुद्रले स्वयं गुफासहितको मन्दिर निर्माण गरिदिएपछि बाबा जगदीशनाथले नित्य पूजाआजाका साथै यस मन्दिर र महादेवको बारेमा प्रचारप्रसार गर्नुभयो । बाबा महादेवको चौतर्फी चर्चा गरेर प्रख्यात बनाउन भूमिका खेल्नुभएका जगदीशनाथ जीवनको अन्तिम कालमा बाबाको मन्दिरको ठीक सामुनेमा समाधि (मृत्युवरण) लिनुभएकाले उहाँको सानो मन्दिर पनि जलेश्वरनाथको मन्दिरको सामुने बनाइएको छ । भक्तजनले बाबा जलेश्वरनाथ महादेवको दर्शन र पूजाआजापछि जगदीशनाथको पनि पूजाअर्चना गर्दछन् ।

बाबा जलेश्वरनाथको गुफासहितको मन्दिर स्वयं उत्पत्तिपश्चात् इतिहासको समय र कालखण्डसँगै नेपालमा शाहवंशीय राज्य भएको बेला १८६७ सालमा राजा गिर्वाणयुद्ध बिक्रम शाहले महोत्तरीको तत्कालीन कञ्चनपुर गाउँस्थित जङ्गल (हाल रामगोपालपुर नगरपालिका-७) मा शिकार खेल्न आएको बेला जलेश्वरनाथ महादेव मन्दिरलाई सञ्चालन, व्यवस्थापन र पूजाआजाको लागि दुई सय ७५ बिघा जग्गा र चार वटा महापोखरीहरु दान दिनुभएको मन्दिरमा रहेको ताम्रपत्रमा उल्लेख छ । यसलाई मौजेको नाउँमा जनिन थालियो । मौजेको रुपमा मन्दिरले जलेश्वर मौजे, बजराही मौजे, बहेरा मौजे, डाम्ही महेशपुर मौजेलगायतका मौजेहरु पाएका थिए भने बरुण सरोवर, पुरन्दर सरोवर, मखान पोखरी र महन्थ पोखरी जस्ता महापोखरीहरु पनि पाएका थिए ।

शिवपुराणमै उल्लेख भएअनुसार जलेश्वरनाथ महादेवको ठीक अगाडि रहेको बरुण सरोवरमा स्नान मात्र र बाबा जलेश्वरनाथ महादेवको दर्शन मात्रले प्राणी मात्रले मुक्ति पाउने गर्दछ । लामो समयसम्म बाबा जलेश्वरनाथसँग रहेको दर्जनौं मौजे र महापोखरीहरुबाट आएका आम्दानीबाट मन्दिरको दैनिक पूजाआजा, भगबान शिवको भोग, साधुसन्तको भण्डारा र आगन्तुकहरुको स्वागत सत्कार समेत हुने गरेको थियो ।

यस महादेव मन्दिरमा पूजाआजाको लागि द्वन्द्व गिरी नाउँको पूजारी रहेको थियो । उनले लामो समयसम्म बाबा जलेश्वरनाथको सेवा गर्नुभएको थियो । समय बित्दै जाँदा १९९५ सालमा बडाहाकिम रामशमशेरले जलेश्वरनाथ महादेवको भित्री गुफासहितको मन्दिरको माथि पुन: आकर्षक र ठूल-ठूला बुर्जासहितको अद्वितीय मन्दिर निर्माण गर्नुभयो । यस महामन्दिर निर्माण गर्न त्यस बेला रु २५ हजार खर्च भएको थियो ।

महामन्दिर निर्माण गर्न सख्खर, उरिद, चुन, सुरखी, कत्थालगायतका वस्तुहरुको प्रयोग गरिएको थियो । यस महामन्दिर निर्माणको बेला जलेश्वरनाथ महादेव मन्दिरको पुजारी राजनारायण गिरी रहेको उल्लेख छ । बाबा जलेश्वरनाथ महादेवको मन्दिरमा साक्षात शिवको बास रहेको र चोखो मन वचनले भाकल गर्नेको मनोकामना अवश्य नै पूरा हुने गरेको जनविश्वास रहिआएको पूजारी झा बताउनुहुन्छ ।

जलेश्वरनाथको महिमा नेपालमा मात्र नभई भारतको पटना, दरभङ्गा, मुजफ्फरपुर, सीतामढी, मधुवनीलगायतका सहरमा पनि रहेको पाइन्छ । ती स्थानहरुबाट बर्सेनि बाबा जलेश्वरनाथको दर्शनका लागि हजारौंमा दर्शनार्थी आउने गरेको अर्का पुजारी उपेन्द्र पाठक बताउनुहुन्छ ।

पहिला महादेव मन्दिरसँग सयौं बिघा जग्गा र चार महत्वपूर्ण पोखरी रहेकोले निकै भव्य तरिकाले सञ्चालन, व्यवस्थापन हुँदै आएको थियो । समय बित्दै जाँदा पद्मशमशेरको पालामा उनले यस मन्दिरको अधिनमा रहेको जग्गाहरु आफ्ना गुरु पुरोहित गोपालबहादुर उपाध्याय, रामबहादुर उपाध्यायलगायतका चार/पाँच दाजुभाइलाई दान दिएको चर्चा छ । पद्मशमशेरले दान दिएपछि गुरु पुरोहित र उनका सन्तानले मन्दिरका मौजेहरु बेचेर खाएपछि विस्तारै मन्दिरको आर्थिक अवस्था कमजोर बन्यो ।

विसं १९८३ को स्रेस्तामा सयौ बिघा जग्गा मन्दिरको नाउँमै उल्लेख रहेको देखाउँछ । त्यसैगरी २००२ सालसम्म मन्दिरको महन्थको नाउँमा मौजेहरु रहेको उल्लेख छ तर मन्दिरका सयौं बिघा जग्गाको मौजे विसं २००८ देखि हराएको छ । मन्दिरका चार महापोखरीहरु अहिले जलेश्वर नगरपालिकाले आफ्नो कब्जामा लिएको छ ।

मन्दिरकै दक्षिणपट्टी रहेको गुठी संस्थानसँग रहेको ताम्रपत्रमा राजा गिर्वाणयुद्ध विक्रम शाहले दान दिनुभएको मन्दिरका २७५ बिघा जग्गा र चार महापोखरीको उल्लेख अझै पनि सुरक्षित रहेको छ । कुनैबेला चार महापोखरी र २७५ बिघा जग्गाको मालिक रहेका जलेश्वर महादेवलाई अहिले पूजाआजा र भोग (प्रसाद) का लागि पनि केही नरहेको पुजारी उपेन्द्र पाठकले बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "कुनैबेला सयौं बिघा जग्गा र चार महापोखरीको मालिक रहनुभएका बाबा जलेश्वरनाथ आज साँच्चीकै भिखारी हुनुभएको छ । आज यस मन्दिरसँग केही पनि छैन ।'' भक्तजनले चढाएको भेटी, चन्दा र अन्य सहयोगबाटै नित्य पूजाआजा तथा प्रसाद (भोग) पनि चल्ने गरेको छ ।

आजसम्म कुनै पनि दिन बाबाको पूजाआजा प्रभावित नभएको, भोग प्रसादको कमी नभएको, बाबाको सेवामा लागेका कोही पनि भोकै बस्न नपरेको र आगन्तुक समेतलाई पनि कहिले कुनै समस्या नभएको पूजारी पाठक बताउनुहुन्छ । उहाँले भन्नुभयो, ''कहाँबाट कसले कतिबेला ल्याइदिन्छ, थाहा हुँदैन । सबै बाबा महादेवको कृपाले चलेको छ ।''

विसं २०७२ को भूकम्पपछि टेकोको भरमा रहेको बाबा मन्दिरमा पछिबाट निर्माण गरिएको बाहिरी विशाल मन्दिर बाबाको शिवलिङ्गको ठिक्क माथि भित्रपट्टीबाट झुकेको र कुनै पनि बेला ढल्न सक्ने अवस्थामा पुगेको जलेश्वरनाथ महादेव मन्दिरका पूजारी पाठक बताउनुहुन्छ ।

मन्दिरको अवस्था अवलोकनका लागि विगत सात/आठ वर्षमा पुरातत्व विभागबाट पनि चार/पाँच पटक विज्ञहरु आएर मन्दिरको अवस्था हेरेर गएको भएपनि बाबा मन्दिरको जीर्णोद्धार तथा मर्मतसम्भारको लागि कतैबाट कुनै सहयोग नआएको पूजारीहरुले दु:खेसो छ । जलेश्वर नगरपालिकाका प्रमुख सुरेश साह सोनार मूल मन्दिरको संरक्षणको लागि विशेष पहल र बृहत योजनाको आवश्यकता रहेको बताउनुहुन्छ । जीर्ण तथा ढल्ने अवस्थामा पुगेको ऐतिहासिक बाबा जलेश्वर मन्दिरको तत्काल जीर्णोद्धार र मर्मतसम्भार गरी संरक्षण, सम्बर्द्धन, व्यवस्थापनका लागि पनि यथोचित व्यवस्था गर्न पहल गरिने उहाँको भनाइ छ ।

एक सातापछि हुन लागेको महाशिवरात्रि पर्वको अवसर पारेर अहिले बाबा जलेश्वरनाथ मन्दिरलाई दुलही झैं सिँगारिँदै छ भने यस वर्ष बाबा जलेश्वरनाथ महालिङ्गको दर्शन करीब तीन लाख भक्तजनले गर्ने अनुमान रहेको महाशिवरात्रि पूजा महोत्सवका अध्यक्ष अमरदीप साहले बताउनुभयो । उहाँले यस वर्ष महाशिवरात्रि पर्वको लागि मन्दिरभरि तथा मन्दिर परिसरमा भव्य झिलीमिली बिजुलीबत्ती, फूलमाला र विशेष प्रकारको सजावट गरिने बताउनुभयो । त्यस्तै महाशिवरात्रिका अवसरमा यस वर्ष जलेश्वरमा विशेष प्रवचन कार्यक्रम, विशेष शिव दर्शन तथा हेलिकप्टरबाट पुष्पवृष्टि गराउने योजनासमेत रहेको जनाइएको छ ।

# डिएसपी झुन्डिएको अवस्थामा मृत फेला

**दैनिक समाचारदाता**
**मोरङ, २१ फागुन ।**

सशस्त्र प्रहरी बलका सशस्त्र प्रहरी नायब उपरीक्षक (डिएसपी) उपेन्द्र बस्याल झुन्डिएको अवस्थामा सोमबार मृत फेला परेका छन् ।

डिएसपी बस्याल कार्यालयभित्रै डोरीको पासो लगाएर झुण्डिएको अवस्थामा मृत फेला परेका हुन् । उनी धनपालथान गाउँपालिका ३ स्थित बोर्डर आउट पोस्ट (बीओपी) सोराभाग मोरङका इन्चार्ज हुन् ।

कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगरका प्रवक्ता प्रहरी उपरीक्षक (एसपी) सुमनकुमार तिमल्सिनाले

बाँकी तीन पृष्ठमा

# पहिलो चरणमा ३७ हजारभन्दा बढी बालबालिकाले लगाए खोप

काठमाडौँ, २१ फागुन ।

काठमाडौँ महानगरपालिकाले यही फागुन १६ देखि सुरु गरेको रुबेला दादुरा खोप कार्यक्रमको पहिलो चरणमा हजार ३७ हजार छ सय ७२ बालबालिकाले खोप लगाएका छन् ।

यसअघि ३२ वटै वडामा एकै चरणमा खोप अभियान सञ्चालन गरेको महानगरले यसपटक भने दुई चरणमा कार्यक्रम सञ्चालन गरेको थियो । महानगरका खोप कार्यक्रमका फोकल पर्सन मैयाँ सैजुले पहिलो चरणमा वडा नं १, २, ३, ८, ९, ११, १२, १७, १८, १९, २०, २१, २२, २३, २४, २५, २६, २७ र २८ खोप कार्यक्रम सञ्चालन गरिएको जानकारी दिनुभयो । उहाँले असोजदेखि १३ वटा वडा ४, ५, ६, ७, १०, १३, १४, १५, १६, २९, ३०, ३१ र ३२ मा खोप कार्यक्रम सँगै नियमित खोप पनि प्रदान गरिने कार्यतालिका रहेको जानकारी दिनुभयो ।

स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीअनुसार काठमाडौँ महानगरमा नौ महिनामाथि र पाँच वर्षमुनिका ४१ हजार ९२ जना बालबालिका देखाएको छ । उनीहरूलाई रुबेला दादुरासँगै छुटेको वा नियमित तालिकामा आएको खोप पनि दिइनेछ । यसरी दिइने खोपमा डिपीटी, हेप बी-हिब, पिसीभी, आइपिभी छन् । यस्तै पाँच वर्षमाथि १५ वर्ष उमेर तलका बालबालिकाको सङ्ख्या एक लाख एक हजार एक सय २९ छ । प्रणालीमा आबद्ध नभएका बालबालिकाको सङ्ख्यासँगै महानगरले दुई लाख ४६ हजारलाई खोप दिने लक्ष्य राखेको छ ।

**रुबेला दादुरा खोप किन ?**

रुबेला दादुराको खोप नौ महिनादेखि माथि र १५ वर्षमुनिका बालबालिकालाई दिइन्छ । सरकारले राष्ट्रिय खोप कार्यक्रमअन्तर्गत नियमित खोप दिइरहेको छ । तर, सबै बालबालिका नियमित खोप कार्यक्रममा नआएका कारण अभियान सञ्चालन गरिएको हो ।

आर्थिक वर्ष २०७२/७३ र २०७६/७७ मा पनि यो अभियान चलाइएको थियो । २०७६/७७ मा ८४ प्रतिशतमा खोपको पहुँच पुगेको थियो । यससँगै नेपालमा फैलिएको कोभिड-१९ का कारण खोप कार्यक्रममा कोभिडकै खोप सेवा पर्‍यो । यस कारण आव २०७९/८० मा दादुराका बिरामी बढ्न थाले । नेपालले सन् २०२६ सम्ममा रुबेला दादुरा निवारण गर्ने प्रतिबद्धता जनाएको छ ।

कुनै स्थानीय तहलाई पूर्ण खोप घोषणा गर्न सम्बन्धित तहका १२ देखि २३ महिनासम्मका बालबालिकाको सर्वेक्षण गर्दा उनीहरूले एक वर्षको उमेरभित्र राष्ट्रिय खोप तालिकाअनुसार खोप प्राप्त गरेको हुनुपर्छ । राष्ट्रिय खोप तालिकाअनुसार जन्मेदेखि एक वर्षभित्रका बालबालिकालाई बिसिजी खोप एक डोज, जन्मेको ४५ दिनदेखि एक महिनाको फरकमा पेन्टाभ्यालेन्ट, हेपाटाइटिस बी,-३ डोज, जन्मेको ४५ दिनदेखि एक महिनाको फरकमा पोलियो, र नौ महिना पूरा भएपछि रुबेला दादुराको खोप-१ डोज दिएको हुनुपर्छ ।

# कम्युनिष्ट एकताको पहल थालेका छौं : प्रधानमन्त्री

काठमाडौँ, २१ फागुन (रासस) ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले बृहत् कम्युनिष्ट एकताको पहल थालिएको बताउनुभएको छ । सहिद सप्ताहको अन्तिम दिन सोमबार प्रधानमन्त्री निवासमा सुखानी सहिदका परिवारसँगको भेटमा उहाँले भन्नुभयो, "सहिदप्रति उच्च सम्मान छ, आजैको मितिदेखि कम्युनिष्ट एकताका लागि थप पहल गरेका छौँ ।"

तत्कालीन पञ्चायती शासकले २०२९ फागुन २१ गते रामनाथ दाहाल, नेत्र घिमिरे, बीरेन राजबंशी, कृष्ण कुइँकेल र नारायण श्रेष्ठलाई सुखानीको जङ्गलमा लगेर हत्या गरेको थियो ।

भेटमा सुखानी सहिद परिवारका सदस्य बिसेश्वरा दाहाल, जीवन घिमिरे, रविन दाहाल, बुद्ध घिमिरेलगायत सहभागी हुनुहुन्थ्यो । कम्युनिष्ट आन्दोलन र जनयुद्धलाई एकापसमा जोड्नका लागि नेकपा (माओवादी केन्द्र)ले फागुन १४ देखि २१ सम्म सहिद सप्ताह मनाउँदै आएको छ ।

### *राजविराजका ...*

पीडितलाई विभिन्न किसिमको डर त्रास देखाई विभिन्न व्यक्तिहरूको फरकफरक खातामा १२ लाख ८० हजार रुपैयाँ जम्मा गर्न लगाएका थिए ।

उनीहरूले ह्वाट्सएपको प्रोफाइल पिक्चरमा प्रहरी वरिष्ठ अधिकृतको फोटो समेत दुरुपयोग गरेको देखिएको प्रवक्ता महतोको भनाइ छ ।

पीडितको जाहेरीको आधारमा सो विषयमा अनुसन्धान गर्ने क्रममा जिल्ला प्रहरी कार्यालय सप्तरीबाट परिचालित प्रहरी टोलीले ठगीमा संलग्न देखिएका उनीहरूलाई फागुन १८ गते पक्राउ गरेको हो ।

पक्राउ परेकाहरुलाई जिल्ला प्रहरी कार्यालय सप्तरीमा ठगी (अनलाइन) शीर्षकमा मुद्दा दर्ता गरी जिल्ला अदालत सप्तरीबाट अनुसन्धानको लागि दिन ७ म्याद थप गरी अनुसन्धान भइरहेको महतोले बताए ।

### *सप्तरीमा २० ...*

अभियानलाई गति प्रदान गरिने उनको भनाई छ ।

उनले ठूलो संख्यामा एकल महिला रहेपनि हिंसामा परेका तथा घरवार बिहीन भएका त्यस्ता महिलालाई सुरक्षित वास स्थानका लागि एउटा पनि महिला सेफ हाउस जिल्लामा नहुनु दुःखद विषय भएको बताइन् । सेफ हाउस नहुँदा पीडित महिलालाई सुरक्षित साथ राख्न समस्या हुने गरेको भन्दै उनले राज्यले अविलम्ब यसतर्फ ध्यान नदिए सबैको साथ र सहयोग लिएर निकट भविष्यमै केन्द्रले आफै सेफ हाउस निर्माणका लागि पहल गर्ने बताइन् ।

कार्यक्रमका प्रमुख अतिथि हनुमाननगर कांकालिनी नगरपालिकाका उपमेयर सरितादेवी यादव सिपलियाले एकल महिलाको जिवनस्तरमा सुधार र सशक्तिकरण क्षेत्रमा पालिकाको तर्फबाट हरसम्भव सहयोग गर्ने प्रतिबद्धता जनाइन् ।

केन्द्रकी प्रमुख ठाकुरको अध्यक्षतामा आयोजित कार्यक्रममा गैसस महासंघका केन्द्रिय उपाध्यक्ष ध्रुब देव, सगरमाथा अपाङ कल्याण समाजका अध्यक्ष बलदेव मण्डल, संस्थाकी कोषाध्यक्ष सरिता भगत, पत्रकार महासंघका राष्ट्रिय परिषद् सदस्य मनोज कुमार माझी, प्रभु महालक्ष्मी इन्स्योरेन्स कम्पनीका बरिष्ठ एजेन्सी म्यानेजर लक्ष्मण शर्मा, आयोजक संस्थाकी उपाध्यक्ष पिंकी झा, सचिव रेखा मण्डल लगायतले अभियानको प्रसंशा गर्दै सफलताको शुभकामना दिए । कार्यक्रम संचालन समाजसेवी कमल मण्डलले गरेका थिए ।

### *डिएसपी ...*

डिएसपी बस्याललाई कार्यालयभित्रै मृत फेला पारिएको जानकारी दिए ।

उनको मृत्युको सम्बन्धमा प्रहरीले अनुसन्धान गरिरहेको बताउँदै घटनाका सम्बन्धमा थप जानकारी आइनसकेको उनले बताए । अनुसन्धानपछि घटनाको वास्तविकता पत्ता लाग्ने प्रहरीले जनाएको छ ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**

**अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी**


## विश्व समाचार

# चुनावपछि अमेरिका-चीन सम्बन्धमा सुधार आउने बेइजिङको विश्वास

बेइजिङ, २१ फागुन (रासस/एएफपी) ।

चीनले आगामी नोभेम्बरमा हुने राष्ट्रपतीय निर्वाचनमा जो सुकैले जिते पनि अमेरिकासँगको सम्बन्धमा सुधार आउने विश्वास लिएको छ ।

बेइजिङ र वासिङ्टनबीच हालैका वर्षहरूमा प्रविधि, व्यापार, मानव अधिकारका साथै ताइवान र दक्षिण चीन सागरमा प्रतिस्पर्धात्मक दाबीका मुद्दाहरूमा टकराव छ ।

ह्वाइट हाउसको नेतृत्वका लागि राष्ट्रपति जो बाइडेनविरुद्ध पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पलाई चुनौती दिने गरी आगामी नोभेम्बरमा हुने चुनावमा अमेरिकीहरूले भाग लिनेछन् ।

"तपाईंले अमेरिकी राष्ट्रपतिको चुनावको बारेमा उल्लेख गर्नुभयो, यो संयुक्त राज्य अमेरिकाको आन्तरिक मामिला हो," चिनियाँ संसद्का प्रवक्ता लू किन्जियानले सोमबारको पत्रकार सम्मेलनमा भन्नुभयो ।

"संयुक्त राज्य अमेरिकाले चीनसँग जो सुकै राष्ट्रपति भए पनि अमेरिकाले एउटै लक्ष्यका साथ अर्थात् स्थिर, स्वस्थ र दिगो चीन-अमेरिका सम्बन्धका लागि काम गर्न सक्छ भन्नेमा हामी पूर्ण आशा गर्छौं," लूले भन्नुभयो ।

"चीनको स्थिति स्थिर रहेको र चीन-अमेरिकाबीचको सम्बन्ध स्थिर र सुधारिएको अवस्थामा देख्न सबै आतुर रहेको उहाँले बताउनुभयो ।

# मङ्गोलियामा खराब मौसमका कारण तीस लाख भन्दा बढी गाईवस्तुको मृत्यु

उलान बाटोर, २१ फागुन (रासस/सिन्ह्वा) ।

मङ्गोलियामा जुड भनिने चरम जाडो मौसमले मङ्गोलियामा यस बर्षको हालसम्म ३० लाखभन्दा बढी पशुपक्षीहरूको ज्यान लिएको राष्ट्रिय विपत् आयोग (एसईसी) ले सोमबार जनाएको छ ।

जुडका कारण मङ्गोलियामा अहिलेसम्म कम्तीमा ३० लाख ८९ हजार ४२० गाईवस्तु मरेको एसईसीले एक विज्ञप्तिमार्फत् जानकारी गराएको छ ।

जुड गम्भीर चिसोले अधिक जाडो बढेको अवस्थामा प्रयोग गरिने मङ्गोलियाली शब्द हो । यो अवस्थामा जमिन हिउँले ढाकिएको कारण अधिक चिसो हुने र ठूलो सङ्ख्यामा गाईवस्तुहरू मर्ने गर्छन् ।

मौसम अनुगमन एजेन्सीका अनुसार मङ्गोलियामा यस बर्षको जाडोमा सामान्यभन्दा धेरै हिउँ परेको छ । मङ्गोलियाको ८० प्रतिशतभन्दा बढी क्षेत्र अहिलेसम्म १०० सेन्टिमिटर बाक्लो हिउँले ढाकिएको छ । राष्ट्रिय तथ्याङ्क कार्यालय अनुसार सन् २०२३ को अन्त्यमा मङ्गोलियामा पशुधनको सङ्ख्या छ करोड ४७ लाख रहेको थियो ।

# पाकिस्तानमा भारी वर्षाका कारण ३६ जनाको मृत्यु, ४१ घाइते

इस्लामाबाद, २१ फागुन (रासस/सिन्ह्वा) ।

पाकिस्तानको राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरण (एनडिएमए) ले फेब्रुअरी २७ देखि मार्च ३ सम्म परेको भारी वर्षा र हिमपातमा परी कम्तीमा ३६ जनाको मृत्यु हुनुका साथै ४१ जना घाइते भएको जनाएको छ ।

मृत्यु हुनेमा २१ जना बालबालिका, नौ जना पुरुष र छ जना महिला रहेको आइतबार राति जारी गरिएको विज्ञप्तिमा जनाइएको छ ।

बर्षाको कारण सबैभन्दा बढी प्रभावित उत्तरपश्चिमी खैबर पख्तुनख्वा प्रान्तमा २७ जनाको मृत्यु भएको थियो । यसैगरी, दक्षिणपश्चिमी बलुचिस्तान प्रान्तमा पाँच जनाको मृत्यु भएको छ भने पाकिस्तान अधिनस्थ कास्मिरमा चार जनाको मृत्यु भएको थियो ।

भारी बर्षाले ४६९ घरहरूमा पूर्ण वा आंशिक रूपमा क्षति भएको छ भने अनुमानित ६१ गाईवस्तुहरू मरेको प्रतिवेदनले जनाएको छ ।

# कायरो बैठकमा सहभागी नहुने इजरायलको निर्णय

कायरो, इजिप्ट, २१ फागुन (रासस/एएनआई) ।

इजरायलले युद्धविराम र गाजाबाट बन्धकहरूको रिहाइसम्वन्धी छलफलका लागि कायरोमा प्रतिनिधिमण्डल नपठाउने निर्णय गरेको एक इजरायली अधिकारीलाई उद्धृत गर्दै सिएनएनले जनाएको छ ।

बन्धकको सूची प्रदान गर्ने, जीवित तथा मृतक बन्धकको सङ्ख्याको जानकारी दिने र बन्धकको बदलामा इजरायली जेलबाट रिहा हुने प्यालेस्टिनी कैदीहरूको अनुपात निर्धारण गर्ने लगायतका मागहरू सम्बोधन गर्ने बिषयमा युद्धरत पक्षबीच समान धारणा बन्न नसकेपछि इजरायलको यो निर्णय आएको हो ।

कूटनीतिक वार्ताको संवेदनशीलताका कारण अज्ञात रहन रोज्ने इजरायली अधिकारीले प्रधानमन्त्री बेन्यामिन नेतान्याहूले मोसादका निर्देशक डेभिड बार्नियासँग समन्वय गरेर हमासले यी शर्तहरू सम्बोधन नगरेको जानकारी प्राप्त गरेपछि यो निर्णय आएको हो ।

यो कदमले गत बिहीबार नेतन्याहूको एक भाषणमा उल्लेखित शर्तहरू पछ्याउँछ । सम्बोधनमा उहाँले कुनै पनि सम्झौताको साथ अगाडि बढ्नुअघि बन्धकहरूको पहिचानको आवश्यकतामा जोड दिनुपर्ने बताउनुभएको थियो ।

बाइडेन प्रशासनका एक वरिष्ठ अधिकारीले इजरायलले प्रस्तावित छ हप्ताको युद्धविरामलाई स्वीकार गरेको सङ्केत गरेपनि हमासको प्रतिक्रियाको अभावले कायरो वार्तामा इजरायलको सहभागिता रद्द भएको हो ।

वार्ताले शत्रुता अन्त्य गर्ने आशा व्यक्त गर्दै हमासको प्रतिनिधिमण्डल आइतबार कायरो आइपुगेको थियो । हमास स्रोतका अनुसार वार्तामा बाँकी अड्किएका विषयमा स्थायी युद्धविराम स्थापना, गाजा पट्टीबाट इजरायली सेनाको फिर्ता र दक्षिणबाट विस्थापित व्यक्तिहरूको फिर्तीलाई सहज बनाउनु समावेश छ ।

# सहिद तथा बेपत्ता परिवार सम्मानित



**दैनिक समाचारदाता**
**राजविराज, २१ फागुन ।**

दश वर्षे जनयुद्धका क्रममा सहिद तथा बेपत्ता पारिएका परिवारलाई सम्मान गरिएको हो ।

सहिद तथा बेपत्ता परिवार समाज सप्तरीको आयोजनामा सोमबार राजविराजमा सहिद तथा बेपत्ता परिवारलाई सम्मान गरिएको हो ।

राज्यद्वारा जनयुद्धको समयमा हत्या तथा बेपत्ता पारिएका सप्तरीका गोबिन्द चौधरी, उमेश यादव, इन्द्रदेव विश्वास, रेखा कुमारी रसाइली, सरिता कुमारी साह, रमेश राम, बिजली यादव, रामु मुखिया, राम विलास राम लगायत दुई दर्जन भन्दा बढी शहीद तथा बेपत्ता परिवारहरुलाई सम्मान गरिएको छ ।

समाज सप्तरीका अध्यक्ष रिता चौधरीको अध्यक्षता तथा नेकपा (माओवादी केन्द्र)का केन्द्रिय सदस्य तथा पुर्व मन्त्रि उमेश कुमार यादवको प्रमुख अतिथ्यमा आयोजित कार्यक्रममा पार्टीका बैकल्पिक केन्द्रिय सदस्य असर्फी सदा, पुर्व प्रदेस सदस्यद्वय छेदी रजक, भागवत यादव, बेचन चौधरी, छिन्नमस्ता गाउँपालिका उपाध्यक्ष राजोदेवी यादव, प्रेस सेन्टरका केन्द्रिय सल्लाहकार देवराम यादव, प्रेस सेन्टर मधेस प्रदेस अध्यक्ष किरण कर्ण, महासचिव गोपाल गुप्ता, करमलाल यादव, डोमन, राजु यादव, वडाध्यक्ष जयनारायण मण्डल, वडाध्यक्ष गंगा खंङ्ग लगायतका नेताहरुले सम्मान गरेका थिए ।

# फागुन २७ देखि रुपनीमा दादुरा रुबेला विरुद्धको खोप लगाईदै



**दैनिक समाचारदाता**
**राजविराज, २१ फागुन ।**

सप्तरीको रुपनी गाउँपालिकामा यही फागुन २७ गतेदेखि चैत २ गतेसम्म दादुरा रुबेला विरुद्धको खोप अभियान सञ्चालन हुने भएको छ । गाउँपालिकाको सबै ६ वटै वडामा सो अभियान सञ्चालन हुने जनाइएको छ ।

रुपनी गाउँपालिकाले सोमवार दादुरा रुबेला खोप बारे सरोकारवालाहरुसंग अन्तरक्रिया एवं छलफल कार्यक्रमको आयोजना गरी अभियान बारे जानकारी गराएका हो ।

गाउँपालिकाका स्वास्थ्य संयोजक रामनारायण यादवले अभियानमा ९ हजार ३ सय १८ जना बालबालिकालाई दादुरा रुबेला विरुद्धको खोप लगाउने लक्ष्य लिइएको जानकारी दिए । उनले ९ महिना देखि १५ वर्ष उमेर समूहका बालबालिकालाई खोप लगाउन सबै वडामा व्यवस्था मिलाई सकिएको उनले बताए ।

रुपनी गाउँपालिका अध्यक्ष दिनेशकुमार यादवको अध्यक्षतामा आयोजित पालिका स्तरीय कार्यक्रममा प्रेस युनियन सप्तरीका अध्यक्ष विनय कुमार लाल कर्ण, वडा नं. ४ का वडाअध्यक्ष छेदी ईसर, वडा नं. ५ का वडाअध्यक्ष गंगाराम यादव लगायतकाले गाउँपालिका भित्र ५ दिन सम्म संचालन हुने अभियान सफल बनाउन सबैलाई आ-आफ्नो स्थानबाट भूमिका निर्वाह गर्न आग्रह गरे ।

# राष्ट्रपतिसमक्ष नवनियुक्त मन्त्रीहरुको शपथ

काठमाडौं, २१ फागुन (रासस) ।

राष्ट्रपति रामचन्द्र पौडेलले तीनजना नवनियुक्त मन्त्रीलाई पद तथा गोपनीयताको शपथ गराउनुभएको छ ।

राष्ट्रपतिले नेपालको संबिधानका धारा, ७६ को उपधारा ९ बमोजिम प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को सिफारिसमा मन्त्रीमा नियुक्त हुनुभएका तीनजनालाई राष्ट्रपति कार्यालय शीलत निवासमा सोमबार आयोजित विशेष समारोहमा सोही संबिधानको धारा, ८० अनुसार पद तथा गोपनीयताको शपथ गराउनुभएको हो ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का तर्फबाट पदम गिरी, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का तर्फबाट हितबहादुर तामाङ र राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट डोलप्रसाद अर्यालले शपथ लिनुभएको हो । उहाँहरुको कार्यभार तोकिएको छैन । राष्ट्रपति कार्यालयका अनुसार उहाँहरुको कार्यभार पछि तोकिनेछ ।

प्रधानमन्त्रीको सिफारिसमा सोमबार गठन भएको मन्त्रिपरिषद् र त्यसको कार्यबिभाजनअनुसार प्रधानमन्त्री दाहालले नै अर्थ, उद्योग, वाणिज्य तथा आपूर्ति, ऊर्जा, जलस्रोत तथा सिंचाइ, कानुन न्याय तथा संसदीय मामिला, कृषि तथा पशुपन्छी विकास, खानेपानी, गृह, परराष्ट्र, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण, भौतिक पूर्वाधार तथा यातायातलगायत नेपाल सरकार सबै मन्त्रालयको कार्यभार सम्हाल्नुहुनेछ ।

समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, सभामुख देवराज घिमिरे, प्रधानन्यायाधीश विश्वम्भर श्रेष्ठलगायत विशिष्ट व्यक्तिहरूको उपस्थिति थियो ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**छिन्नमस्ता गाउँपालिका, सप्तरी**

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**विष्णुपुर गाउँपालिका, सप्तरी**

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*